

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर २१ गते शुक्रबार ❑ 6 Dec. 2024 ❑ पृष्ठ ४+२ ❑ मूल्य रु. ५।-


## अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयनको चरणमा छ : मन्त्री भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयनको चरणमा रहेको बताउनुभएको छ।

पोखराको पुरानो टुडिखेलमा रहेको राष्ट्रिय माध्यमिक विद्यालयको बिहीबार सम्पन्न भएको हीरक महोत्सवको समापन समारोहमा बोल्दै मन्त्री भट्टराईले नेपालमा निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयन गर्दा सबै स्थानिय तहसंग शिक्षा योजना र शिक्षा कोष हुनु पर्ने बताउनु भएको हो ।

उहाँले भन्नुभयो "माध्यामिक तहका शिक्षा निःशुल्क हुनुपर्छ, आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्छ भन्ने कुरालाई बारम्बार हामीले भन्दै आएको छौं, यो कुरा संविधानमा लेखिएको छ, यसको कार्यान्वयन गर्नु हाम्रो दाहित्व हो ।" संविधानलाई कार्यान्वयन गर्न अनिवार्य र निःशुल्क शिक्षा ऐन समेत निर्माण गरिएको उहाँले जनाउनु भयो । तत्काले शिक्षा मन्त्रालयले अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको कार्यान्वयन गर्नुपर्छ भनेर योजना समेत बनाएको मन्त्री भट्टराईले बताउनुभयो । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयन गर्नुपर्दा २० प्रतिशत बजेट लाग्ने र सो बजेटको खाका समेत पेश गरिएको मन्त्री भट्टराईले बताउनु भयो । सुरुवात संघीय निकाय अर्न्तगत रहेका शैक्षिक संघ संस्थाहरुबाट विभिन्न नाममा उठाइने रजिष्टेशन शुल्क नलिने एक पटक मात्र रजिष्टेन गर्ने गरी कामको सुरुवात गर्न लागेको उहाँले बताउनुभयो । यसै बर्षबाटै यसको सुरुवात हुने मन्त्री भट्टराईले उद्घोष गर्नु भयो । ३ घण्टाको समयले परिक्षण दिने परिपाटीले शिक्षामा सुधार गर्न आवश्यक भएको मन्त्री भट्टराईको भनाई थियो । स्वमुल्याङ्कन गर्नु पर्ने उहाँले बताउनु भयो । बहुउद्देश्यीयले अघि बढाईएको राष्ट्रिय माविमा हाल सबैको साथ सहयोगले गर्दा १ हजार ४ सय विद्यार्थीहरु हुनु उदाहरणिय भएकोमा उहाँले प्रशंसा गर्नु भयो। विद्यालयमा खाजा, पुस्तक, टुईसन निःशुल्क गरेको उल्लेख गर्दै मन्त्री भट्टराईले सामुदायिक विद्यालयमा विद्यार्थीहरु घट्नु हाम्रो सोचका कारण भएको जनाउनु भयो । सोचमा परिवर्तन गर्न उहाँको आग्रह थियो । शिक्षा प्रतिष्पर्धी रहेको दाबी गर्दै मन्त्री भट्टराईले समय अनुकुल पाठ्य पुस्तक ल्याउनु पर्नेमा जोड दिनुभयो ।





गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले सामुदायिक विद्यालयहरूको गुणस्तरीय शिक्षामा ध्यान दिन आग्रह गर्नु भयो । अन्य सामुदायिक विद्यालयको तुलनामा राष्ट्रिय मावि नमुना मावि भएको उहाँले जनाउनु भयो । कार्यक्रममा प्रतिनिधि सभा सदस्य दामोदर पौडेल (बैरागी), गण्डकी प्रदेश सांसदद्धय गणेशमान गुरूङ र राजकुमारी भुजेल लगायतले शिक्षाको बारेमा चर्चा गर्नुभयो । विद्यालयको हीरक महोत्सव बर्ष भरी विभिन्न कार्यक्रमको आयोजना गरी बिहीबार समापन गरिएको विद्यालयका प्रधानाध्यापक ईश्वरी प्रसाद सापकोटाले बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका कार्यवहाक अध्यक्ष अरुणबिक्रम राणाको अध्यक्षतामा उक्त हीरक जयन्त समारोहक सम्पन्न भएको छ। उक्त अवसरमा विद्यालयलाई सहयोग व्यक्तिदेखि संघ संस्थाहरुलाई समेत सम्मान गरिएको थियो भने विद्यार्थीहरुले विभिन्न सांस्कृति कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

## नेपाल-चीन सम्बन्ध अझ प्रगाढ भएको छ : प्रधानमन्त्री ओली

रासस
काठमाडौं, २० मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल-चीन सम्बन्ध अझ प्रगाढ भएको बताउनुभएको छ।

प्रधानमन्त्री ओली जनवादी गणतन्त्र चीनको चारदिने औपचारिक भ्रमण सकेर बिहीबार स्वदेश फर्किनुभएको हो । फर्किनुभएपछि अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उहाँले भ्रमणले दुई देशबीचको सम्बन्ध अझ प्रगाढ भएको र त्यसबाट नेपाललाई लाभ हुने बताउनुभएको हो । "भ्रमणका क्रममा बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआइ) अन्तर्गत विभिन्न परियोजनाहरुको सम्झौता भएको छ, जुन सम्झौताबाट नेपालले अधिकतम लाभ लिने सक्नेछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हरेक परियोजनाअन्तर्गतपछि छुट्टै छलफल र सम्झौता गर्छौं ।" नेपाल र चीनबीच बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) सहकार्यको फ्रेमवर्कमा सम्झौता भएको छ । बेइजिङमा भएको सम्झौतामा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई र चीनका तर्फबाट नेशनल डेभलपमेन्ट



एण्ड रिफर्म कमिसनका उपाध्यक्ष लि सुशेले हस्ताक्षर गर्नुभएको थियो । प्रधानमन्त्री केपी ओलीले र उहाँका चिनियाँ समकक्षी लि छ्याङको उपस्थितिमा नेपाल र चीनबीच विभिन्न समझदारी भएको थियो ।

उक्त समझदारीमा दुवै देशका प्रधानमन्त्रीबीच द्विपक्षीय वार्तापछि पारस्परिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । नेपाल र चीनबीच टोखा-छहरे सुरुङमार्ग निर्माणसम्बन्धी समझदारीपत्रमा दुवै देशका सम्बद्ध अधिकारीले हस्ताक्षर गरेका छन् । त्यसैगरी नेपाल-चीन व्यापार अभिवृद्धिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। चीनले काठमाडौंको वसन्तपुर स्थित नौतले दरबार पुनःनिर्माण सम्पन्न गरेको प्रमाणपत्रको आदानप्रदानका साथै भैँसीको मासु चीन निर्यातसम्बन्धी 'प्रोटोकल'मा समझदारी भएको जनाइएको छ । विकास आयोजनासम्बन्धी सम्झौता, आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी समझदारी, नगद सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भई आदानप्रदान भएको छ भने स्वयंसेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी समझदारी तथा नेपाल टेलिभिजन र चाइना मिडिया ग्रुपबीच सञ्चार प्रविधिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सम्पर्क सञ्जाल विस्तार, औद्योगिक तथा पूर्वाधार विकास, स्वास्थ्य क्षेत्रमा सहकार्य, कृषि, व्यापार, पर्यटन, लगानी, विज्ञान तथा प्रविधि, खेलकुद, प्राकृतिक प्रकोप व्यवस्थापन, दुई देशबीचको जनस्तरको सम्बन्ध, गरिबी निवारणलगायत क्षेत्रमा थप सहयोग आदानप्रदान गर्ने विषयमा समेत छलफल भएको बताइएको छ ।

## गण्डकीका चार अस्पतालको स्तरवृद्धि गरिँदै

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर

स्थानीय तहअन्तर्गत रहेको गोरखाको आँपपिपल अस्पताल र बागलुङको बुर्तिबाङ अस्पताल गण्डकी प्रदेश सरकार मातहत आएको छ । दुवै अस्पताललाई ५० शय्यामा स्तरवृद्धि गरी नयाँ व्यवस्थापनका साथ सञ्चालन गर्न लागिएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले दुवै अस्पतालको नाम संशोधन गरेको मन्त्रालयका सचिव डा विनोदबिन्दु शर्माले जानकारी दिनुभयो । यसअघि ढोरपाटन नगरपालिकामा रहेको बुर्तिबाङ अस्पताल प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा सञ्चालित थियो । आँपपिपल अस्पताल गोरखाको पालुङटार नगरपालिकाअन्तर्गत रहँदै आएको थियो । त्यस्तै कास्कीस्थित गण्डकी आयुर्वेद अस्पतालर बागलुङको धवलागिरि आयुर्वेद अस्पताललाई पनि अन्तरङ्ग सेवासहित २५ शय्याको सुविधायुक्त आयुर्वेद अस्पतालका रूपमा स्तरवृद्धि गर्न लागिएको मन्त्रालय सचिव डा शर्माले जानकारी दिनुभयो ।

"चारवटै अस्पतालका कर्मचारीको सङ्गठन तथा व्यवस्थापन (ओएनएम)को काम यसै साताभित्र टुङ्गिन्छ", उहाँले भन्नुभयो, "गुणस्तरीय व्यवस्थापन र स्तरीय सेवासहित यी अस्पताल सञ्चालन हुनेछन्, आगामी पुसभित्र उद्घाटनको तयारी भइरहेको छ ।" स्थानीय तहले बुर्तिबाङ र आँपपिपल अस्पताललाई प्रदेश सरकारले जिम्मा लिइदिन आग्रह गरेपछि प्रदेश सरकारले आफू मातहत सञ्चालनको प्रक्रिया सुरु गरेको हो । प्रदेश मन्त्रिपरिषद्को प्रस्तावलाई सङ्घीय मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि ती दुई अस्पताल प्रदेश सरकारअन्तर्गत आएका हुन्।प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले गत कात्तिक १२ गते बसेको मन्त्रिपरिषद् बैठकले चालु आव भित्र गण्डकी र धवलागिरि आयुर्वेद अस्पतालमा अन्तरङ्ग सेवा विस्तार गर्ने निर्णय गरेको जानकारी दिनुभयो । "रु एक करोड २५ लाखको बजेट सुनिश्चित भइसकेको छ, सेवा विस्तारको काम तत्काल सुरु हुन्छ", उहाँले भन्नुभयो, "आगामी आवको बजेटमा पनि आयुर्वेद अस्पतालका लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्छौं ।" मन्त्री पाठकका अनुसार गण्डकी प्रदेशभित्र रहेका आयुर्वेद अस्पतालमा पहिलोपटक अन्तरङ्ग सेवा सुरु गर्न लागिएको हो ।

प्रदेश सरकारले होमियोपेथिक, आयुर्वेद र प्राकृतिक चिकित्सा गरी तीनै क्षेत्रलाई महत्वका साथ अगाडि बढाइरहेको स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो । कास्की र बागलुङको आयुर्वेद अस्पतालमा भवनलगायत भौतिक पूर्वाधार थप गर्न स्रोत व्यवस्थापनको काम भइरहेको उहाँले उल्लेख गर्नुभयो । "आयुर्वेद अस्पताल स्रोतसाधनको अभावमा गुज्रिरहेका थिए, सरोकार भएका निकायको पनि यसअघि खासै ध्यान पुग्न सकिरहेको थिएन", मन्त्री पाठकले भन्नुभयो, "व्यवस्थित पूर्वाधार, स्रोतसाधनको प्रबन्ध गर्दै गुणस्तीय स्वास्थ्य सेवा दिने थलोका रूपमा आयुर्वेद अस्पताललाई विकास गर्दै लैजाने योजनामा मन्त्रालय छ ।"

## 'प्रधानमन्त्रीको चीन भ्रमण उपलब्धिमूलक'

पोखरापत्र संवाददाता
म्याग्दी २० मंसिर

नेकपा (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण उपलब्धिमूलक भएको बताउनुभएको छ ।

नेकपा (एमाले) म्याग्दीको आयोजनामा बिहीबारदेखि बेनीमा सुरु भएको प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उपमहासचिव ज्ञवालीले प्रधानमन्त्रीको भ्रमणका क्रममा भएका सम्झौताले नेपालका


बाँकी अन्तिम पृष्ठमा ▶▶


## घलेगाउँ र भुजुङ जोड्ने सडक निर्माणमा ढिलाइ

पोखरापत्र संवाददाता
पोखरा, २० मंसिर


पोखरा, २० मंसिर गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसी लमजुङमा ठेकेदारले निर्माणमा ढिलाइ गरेको सडकको निरीक्षणमा पुगेका छन् ।

मन्त्री केसी बिहीबार क्व्होलासोथर गाउँपालिका-१ बागलुङपानीदेखि वडा नं ४ भुजुङसम्म पर्ने सडकखण्डको निरीक्षणमा पुगेका हुन् । मन्त्री केसी, मन्त्रालयका सचिव कमलकुमार अधिकारी, योजना अनुगमन मूल्याङ्कन तथा अन्य पूर्वाधार महाशाखा प्रमुख डा. महेन्द्र बानियाँसहितको टोली फिल्डमा पुगेको हो । मन्त्री केसीले निर्माण कम्पनीका प्रतिनिधिलाई बागलुङपानी-भुजुङ सडकखण्डको काम छिटो सक्न निर्देशन दिएका छन् । निर्माण कम्पनीका प्रतिनिधिले चैतसम्म काम सक्ने जवाफ दिए । बागलुङपानीबाट भुजुङसम्मको १७ किलोमिटर सडक स्तरोन्नतिको ठेक्का कान्छाराम-नाना जेभीले विसं २०७६ असोज २९ मा ३४ करोड ७७ लाख रुपैयाँमा ठेक्का पाएको थियो । यो सडक स्तरोन्नतिको लागि पूर्वाधार विकास कार्यालयअन्तर्गत बजेट परेको थियो । घलेगाउँसम्म १० किलोमिटर सडक कालोपत्र र घलेगाउँदेखि भुजुङसम्म सात किलोमिटर सडक ग्राभेल गर्ने सम्झौता थियो । सम्झौताअनुसार ०७८ असोज २९ गतेभित्र काम सक्नुपर्ने हो । तर कोरोना भाइरसको संक्रमणको जोखिम न्यूनिकरण गर्न लकडाउन भएपछि काम हुन सकेन ।

लकडाउन खुलेपछि ०७९ असोज २८ गतेसम्म काम सक्न पहिलोपटक म्याद थपिएको थियो । दोस्रोपटक २०८१ साल असोज २९ गतेभित्र काम सक्ने भनेर म्याद थप भएको थियो । तर, दोस्रोपटक म्याद थप्दा पनि काम


बाँकी अन्तिम पृष्ठमा ▶▶





# वडा प्रहरी कार्यालय बैदामको भवन उद्घाटन

## उच्च मनोबलसहित प्रहरी सेवालाई प्रभावकारी बनाउँछ: महानिरीक्षक कुँवर

**पोखरापत्र संवाददाता**
कास्की, २० मंसिर



पोखरा महानगरपालिका वडा नम्बर ६ मा रहेको वडा प्रहरी कार्यालय बैदामको अत्याधुनिक सुविधा सम्पन्न भवन निर्माण भएको छ । दुई चरणमा गरी करिब १० करोड ६० लाख ३३ हजार रुपैयाको लागतमा उक्त भवन निर्माण भएको वडा प्रहरी कार्यालय बैदामले जनाएको छ ।

यसैबिच, उक्त भवनको एक समारोहका बिच बिहीबार प्रहरी महानिरिक्षक (आईजीपी) बसन्त बहादुर कुँवरले उद्घाटन गर्दै पर्यटकीय नगरी पोखरामा उक्त भवन निर्माणले शान्ति सुरक्षा कायम गर्न थप मद्धत पुग्ने विश्वास व्यक्त गर्नु भयो । गण्डकी प्रदेशको राजधानि पोखरालाई पर्यटनको समेत राजधानिको रुपमा घोषणा गरेसंग कास्की प्रहरीलाई शान्ति सुरक्षाको जिम्मेवारी थपिएको दाबी गर्दै यसमा वडा देखि जिल्ला हुदै प्रदेश प्रहरीले सक्रिय रुपमा आफ्नो भुमिका खेल्नु पर्ने उहाँले धारणा व्यक्त गर्नु भयो । बिशिष्ठ तथा अति बिशिष्ठ अतिथिहरुको आगमन सुरक्षित गर्नु अर्को कास्की प्रहरीको कार्यभार भएको आईजीपी कुँवरले जनाउनु भयो । पर्यटक मैत्रि व्यवहार उच्च व्यवसायिकता मार्फत पोखराको पर्यटन प्रबर्द्धन गर्न वडा र कास्की प्रहरीलाई उहाँले निर्देशन दिनुभयो । अपराध अनुसन्धान न्यूनिकरण गर्न आवश्यक भएको बताउदै आईजीपी कुँवरले कास्कीमा करिब २० प्रतिशत जसो अपराधिक घटनाहरु बढ्न थालेकोले यो चुनौतीको साधना गर्न सबैको साथ र सहयोगको अपेक्षा गर्नु भयो । सवारी दुर्घटना र आत्महत्या जस्ता घटनालाई न्यूनिकरण गर्न समेत उहाँले आग्रह गर्नुभयो ।

आफ्नै जग्गामा कार्यालय व्यारेक भवनको ५ करोड ४७ लाख ९० हजार २८ रुपैयाँमा पहिलो चरण सम्पन्न भएको थियो । दोस्रो चरणमा ५ करोड १२ लाख ४२ हजार ९ सय ९१ रुपैयाँको लागतमा कार्यालय व्यारेक, हिरासत कक्ष, भान्छा घरको सम्पूर्ण निर्माण कार्यहरु सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक श्याम बाबु ओलियाले बताउनु भयो ।

पोखराका पूर्व मेयर मानबहादुर जिसीले उक्त भवन समय सुहाउदो भवन बनेको बताउदै भवन निर्माण गर्न सहयोग गर्ने प्रति धन्यवाद दिनुभयो । कास्कीको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष बिष्णुबहादुर केसीले जनता र प्रहरीसंग संगै राजनीतिक दलहरू एक भएमा शान्ति सुरक्षा कायम हुने बताउनु भयो । चुहिने प्रहरी चौकी मर्मत गर्न स्थानीय सरकार पनि लाग्दै आएको उहाँले बताउनु भयो । कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले शान्ति सुरक्षा कायम गर्न अध्याधुनिक भवनबाट सेवा दिन उच्च मनोवल कर्मचारीहरुलाई प्रदान गर्ने बताउनु भयो । प्रहरीका अन्य ठाउँमा भवन तथा कार्यालय संरचना निमार्ण गर्न उहाँले आग्रह गर्नु भयो । लागु औषध मुक्त् शहरको रूपमा पोखरा स्थापना गर्न प्रशासन लागेको प्रजिक पाण्डेले बताउनु भयो । नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले उक्त भवनबाट प्रवाह हुने सेवा अब प्रविधि मैत्रि हुनुपर्ने बताउनु भयो । उक्त भवन १९ हजार ९ सय ५ बर्ग फिट क्षेत्रफलमा भूइ तला सहित ५ तले पक्की भवन निर्माण भएको प्रहरी नायव उपरिक्षक ईन्जिनियर ध्रुव अधिकारीले जानकारी दिनुभयो । गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायव महानिरिक्षक दुर्गा सिंहको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । नव निर्मित वडा प्रहरी कार्यालय बैदाम कास्कीको कार्यालय, व्यारेक भवन, हिरासत कक्ष, मेस भवन र शौचालयका नयाँ भवनहरु निर्माण गरिएको हो । न्यू ड्राईगन निर्माण सेवा, काभ्रे र जिल्ला प्रहरी कार्यालय कास्की बिच मिति २०७७ साल असोज ६ गते निर्माण सम्झौता भएको थियो । वडा प्रहरी कार्यालय वैदाम कास्कीको ५ रोपनी १२ आना आफ्नै जग्गामा कार्यालय व्यारेक भवनको ५ करोड ४७ लाख ९० हजार २८ रुपैयाँमा पहिलो चरण सम्पन्न भएको थियो । दोस्रो चरणमा ५ करोड १२ लाख ४२ हजार ९ सय ९१ रुपैयाँको लागतमा कार्यालय व्यारेक, हिरासत कक्ष, भान्छा घरको सम्पूर्ण निर्माण कार्यहरु सम्पन्न भएको हो । कार्यालय प्रमुख कक्ष, भेटघाट कक्ष, अप्रेशन शाखा, स्टाफ अधिकृत कक्ष, कम्प्युटर कक्ष र छुट्टै प्रवेशद्वारा भएको एट्याच ट्वाईलेट, बाथरुम सहितको महिला व्यारेक पहिलो तल्लामा व्यवस्थापन गरिएको छ। यसै गरी दोश्रो तल्लामा प्र.ह.प्र. ज.व्यारेक र तेश्रो तल्लामा जु.प्र.अ.व्यारेक रहेको र चौथौ तलामा कार्यलय प्रमुख निवास, सि.प्र.अ.निवासका व्यबस्थापन गरिएको छ । भूई तलामा भने महिला तथा पुरुषको ३ वटा सुविधा सम्पन्न हिरासत कक्षहरु, गार्ड रुम र पहिलो बालबालिका हिरासत कक्ष तथा बालमैत्री कक्ष, जिन्सी भण्डारण कक्ष र भान्सा घर समेत व्यबस्थापन गरिएको छ ।

# 'धार्मिक पर्यटकीय गन्तब्य बनाउन बजेटको व्यवस्था गर्छु'

**पोखरापत्र संवाददाता**
पोखरा २० मंसिर



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले पर्यटकीय विकासको संभ्कावनालई उजागर गर्न प्रतिवद्ध रहेको बताएकी छन् ।

पोखरा महानगरपालिका वडानम्बर १५ ढुङ्गेसाँघु, पट्नेरीमा जारी कोटिहोममा बिहिबार प्रमुख अथितिको रुपमा सहभागि मन्त्री भट्टराइले पट्नेरीको विकासमा जनतासंसगै रहेको बताइन् । 'यहाँहरुले दुइदुइ पटक निर्वाचित गराइसक्नुभएको छ, म यहाहरुसगैँ छु, यहाँहरु सबैको मायार सद्भावले अगाडी बढिरहेको छु' उनले भनिन् ।

'सेती नदी माथी रहेको गुफामा जानका लागि आवश्यक संरचना बनाउन तपाईहरुले माग गर्नुभएको छ यसका लागि मेरो सहयोग रहन्छ' उनले भनिन् ।

यस क्षेत्रको विकासका लागि स्थानीयले तयार गरेको परियोजनालाई बजेटको व्यवस्था गर्न सम्बन्धीत मन्त्रालयमा पहल गर्ने मन्त्री भट्टराईले आवश्वासन दिइन् । कोटिहोमका संकल्पकर्ता शोभाकान्त ढकालले यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थान बनाउन सकिने अथाह सम्भावन रहेको जानकारी गराए । सरकारी स्तरबाट बजेटको व्यवस्था गर्न सके ढुङ्गेसाँघु, पट्नेरी सेती नदि माथी रहेको गुफामा पर्यटक जानको लागि आवश्यक संरचना बनाउने सोचँ सुनाए । २ कारोड रुपैया लागानी गर्न सके यस क्षेत्रमा सयौं पर्यटक आउने र पर्याप्त आम्दानी समेत गर्न सकिने सभावना रहेको उनले जानकारी गराए । धाममा १०८ शिवलिङ्ग, १०८ गौमुखी धारा, सेती नदीसम्म स्थानका लागि पुग्न १०८ सिँढी, जेष्ठनागरिक मिलन केन्द्र स्थापना गर्ने उदेश्यका साथ कोटिहोमको आयोजना गरिएको संकल्पकर्ता ढकालले मन्त्री भट्टराईलाई अवगत गराएका थिए । गण्डकी प्रदेशकै पहिलो ऐतिहासिक शुक्लागण्डकी कोटिहोम-२०८१ प्रमुख बाचक शोभाकान्त ढकाल(कृपालु दास), दिर्ग्शनबाचक शिरोमणी दिपक सापकोटा, भागवतमन्जरी पुज्य राधाकिशोरी दासीले लगायतले कथा बाचन गर्नुका साथै हरेक दिन आमन्त्रीत कथाबाचकले कथावाचन गर्ने यज्ञका संयोजक नारायण भण्डारीले जानकारी दिए । प्रमुख वाचक, संरक्षक तथा यज्ञ संकल्पकर्ता शोभाकान्त ढकाल (कृपालु दास) को धार्मिक पर्यटकीय केन्द्र बनाउने संकल्पलाई पुरा गर्न अन्नपूर्णेश्वर शिवालय शिवशक्ति धाम तथा बृहत्तर धार्मिक क्षेत्र विकास समितिले कोटिहोमको आयोजना गरेको हो । मंसिर २७ गतेसम्म कोटिहोम संचालन हुने छ ।

# 'खेलकुद क्षेत्रको विकास गण्डकी प्रदेश सरकारको प्राथमिकता'

**पोखरापत्र संवाददाता**
गोरखा २० मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले खेलकुद क्षेत्रको विकास प्रदेश सरकारको प्राथमिकता भएको बताउनुभएको छ ।

गोरखाको सिरानचोक गाउँपालिकामा आजदेखि सुरुभएको पाँचौं गाउँपालिकास्तरीयराष्ट्रपतिरनिङशिल्ड प्रतियोगिताको उद्घाटन गर्दै उहाँले यस्तो बताउनुभएको हो । मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशलाई खेलकुदको हबका रूपमा विकास गर्न सकिने भएकाले सोहीअनुसार प्रदेश सरकारले सोहीअनुसार काम गर्ने बताउनुभयो । "गण्डकी प्रदेशलाई खेल क्षेत्रको हबका रूपमा विकास गर्न वातावरणीय हिसाबमा पनि उत्तिकै राम्रो सम्भावना छ", उहाँले भन्नुभयो, "प्रदेश सरकारले सोहीअनुरूप खेल क्षेत्रको विकासलाई अघि बढाइरहेका छौं । यस क्षेत्रको विकासका लागि आवश्यक बजेट विनियोजन गरेर सरकारले काम गरिरहेको छ ।" मुख्यमन्त्री पाण्डेले खेल क्षेत्रको विकासका लागि 'एक पालिका, एक रङ्शाला' निर्माण गर्नुपर्ने भन्दै त्यसमा प्रदेश सरकारले आवश्यक सहयोग गर्नेसमेत प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# छात्रवृत्ति पाएका २९ जनालाई अमरसिंहमा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा २० मंसिर



श्री अमरसिंह माविमा कक्षा १२ मा विज्ञान विषय लिएर उर्तिण गरी विभिन्न विषयमा पूर्ण छात्रवृत्ति प्राप्त गर्ने २ ९ जना विद्यार्थीहरुलाई हालै सम्मान गरियो ।

मेडिकल, इन्जिनियरिङ तथा प्यारामेडिकल शिक्षा तर्फ पूर्ण छात्रवृत्ति पाउने विद्यार्थीहरुलाई सम्मान गरिएको हो । सोही कार्यक्रममा पूर्व विद्यार्थी तथा २०८० सालको चिकित्साशात्र विज्ञान परीक्षामा उत्कृष्ट अकं ल्याउने डा. सुवर्ण गिरीलाई पनि अभिनन्दन गरियो । अमरसिंह मावि व्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद कोइरालाले हामी अझै भौतिक र शैक्षिक व्यवस्थापनको लागि प्रयत्नरत रहेको भन्दै आगमी वर्षमा अझै धेरै उर्तिणाको कामान गरे । आफ्नो लक्ष्य प्राप्तिको लागि कक्षा ११ र १२ जग भएकोले ध्यान दिएर पढ्न अभिनन्दन भएका डा. गिरीले वताए ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शेर बहादुर थापाले विद्यालयले जुनु गरिमा राखेको छ त्यो सबैको साथ र सहयोगवाट प्राप्त भएको भन्नु भयो । विज्ञान शाखाकी शाखाप्रमुख रुना श्रेष्ठले हाम्रा विद्यार्थीले प्राप्त गरेको प्रतिफलले आज पोखरा भरी फैलिएको भने । विज्ञान शाखाको एकेडेमिक डिन सुरेन्द्र अधिकारीले कार्यक्रम संचालन गरेका थिए ।

# घलेगाउँ ...

हुन सकेन । निर्माण कम्पनीले फेरि ६ महिना थप म्याद मागेको छ । निर्माण कम्पनीले चैतसम्म काम सक्ने भनेपछि मन्त्री केसीले अन्तिमपटक म्याद थप गर्ने/नगर्ने विषयमा छलफलपछि निर्णय गर्ने बताए । क्व्होलासोथर गाउँपालिका अध्यक्ष सूर्यबहादुर गुरुङले घले गाउँ र भुजुङ पुग्ने सडकको काममा ढिलाइ हुँदा पर्यटकले सास्ती व्यहोर्नुपरेको बताए । त्यसैले सडक निर्माणको काम छिटो सक्न पहल गरिदिन मन्त्री केसीलाई आग्रह गरे ।

गाउँपालिकाको केन्द्र जोड्ने सडक बनाउनुपर्ने भएकाले बजेट विनियोजन गरिदिन उनको आग्रह थियो । पुमा भीरको पहिरो नियन्त्रण गर्नका लागि पोखरा फर्केपछि पहल गर्ने मन्त्री केसीले बताए । साथै मन्त्री केसीले करापुटार-डडुवा-साल्मेभञ्ज्याङ-मालिङ सडक (साल्मेभञ्ज्याङदेखि मालिङ खण्ड)को पनि अनुगमन गरे ।

# प्रधानमन्त्रीको ...

विकास आयोजनामा चीनको लगानी भित्रिने भएकाले उपलब्धिपूर्ण मान्नुपर्ने बताउनुभयो ।

'बिआरआइ' फ्रेमवर्क' सम्झौतामा उल्लेखित आयोजना कार्यान्वयन भएमा नेपालको पूर्वाधार, आर्थिक, जलविद्युत्, व्यापार, खेलकुद र पर्यटन क्षेत्रमा उल्लेख्य योगदान पुग्ने उहाँको भनाइ थियो बिआरआई सम्झौता ऋण नभएको उपमहासचिव ज्ञवालीले स्पष्ट पार्नुभयो । अराजकता र अस्थिरताको अन्त्यका लागि भएको एमाले र कांग्रेसको सत्ता सहकार्यमा कुनै समस्या नरहेको उहाँले बताउनुभयो ।

तीन दिनसम्म चल्ने कार्यक्रममा उपमहासचिव ज्ञवालीसहित प्रदेश इञ्चार्ज किरण गुरुङ, प्रदेश अध्यक्ष नवराज शर्मा, सचिव धनन्जय दवाडी, नेताहरु सुन्दर लामिछाने, टुकराज सिग्देल, नरदेवी पुन, भुपेन्द्र थापालगायतले प्रशिक्षण दिनुहुने एमाले म्याग्दीका अध्यक्ष बालकृष्ण सुवेदीले जानकारी दिनुभयो ।


## माटोको उर्वराशक्ति जोगाऔं

◆ जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,

◆ पराल, छवाली तथा पातपतिङ्गरलाई नजलाऔं,

◆ कम्पोष्ट मल तथा हरियो मलको प्रयोग बढाऔं,

◆ भिरालो तथा भू-क्षय संवेदनशील क्षेत्रलाई खाली नराखौं, त्यस्ता जगामा कृषि वन प्रणाली अपनाऔं,

◆ रसायनिक मलको न्यून प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

**REPAIR/MAINTENANCE AND RESURFACING OF ROAD (APPROX 575.4 SQUARE MTRS) INSIDE PPO COMPLEX OF EOI, PPO POKHARA**

1. Sealed tender documents/ quotations are invited directly from reputed bidders for repair/ maintenance and resurfacing of road (Approx 575.4 Square Mtrs) inside PPO Complex of EoI, PPO Pokhara
2. The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or before 19 Dec 2024 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India, Kathmandu, Nepal website under Tender Notices. Tele No 061-434240/061- 435804/ 061-435805
3. Bidders may visit the proposed work site before submitting the bid.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# आर्थिक विकासमा फड्को मार्ने सहमति

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा चिनियाँ सहायता परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजना कार्यान्वयन गर्न बीआरआई कोअपरेसन फ्रेमवर्कमा सम्झौता भएको छ । उक्त सम्झौतासँगै बीआरआईअन्तर्गत १० वटा परियोजना पनि राखिएको छ । प्रधानमन्त्री ओली र चिनियाँ प्रधानमन्त्री ली छ्याङबीच भएका नौवटा समझदारीमा बीआरआई कोअपरेसन फ्रेमवर्कमा सहमति जुटेको थिएन । बीआरआई परियोजनामा सहमति नजुट्नुका कारणचाहिँ नेपालले प्रस्ताव गरेको अनुदानसम्बन्धी ब्यवस्था थियो । उक्त व्यवस्थामा संशोधन गर्न दुवपक्ष सहमत भएपछि मात्रै बीआरआई परियोजना अगाडि बढाउने गरी सहमति भएको जुटेको छ । अन्तिम समयमा भएको फ्रेमवर्क सम्झौतामा प्रधानमन्त्री केपी ओलीको गृहजिल्ला झापामा स्पोर्ट्स एन्ड एथलेटिक्स कम्प्लेक्स निर्माण र कांग्रेस सभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेल्धुरामा अमरगढी सिटी हल निर्माण परियोजना पनि परेका छन् ।

फ्रेमवर्कमा टोखा-छहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडक परियोजना, किमाथाङ्का-खाँदबारी सडक र पुल र जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग परेका छन् । यसैगरी, डडेल्धुरास्थित अमरगढी सिटी हल, जिलोङ-केरुङ-रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, दमकस्थित चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथलेटिक्स कम्प्लेक्स निर्माण पनि फ्रेमवर्कमा परेका छन् । सत्ता गठबन्धनमा रहेको नेपाली कांग्रेस बीआरआई परियोजना सञ्चालनका लागि अनुदान मात्रै सहमति जुनाउनुपर्ने अडानमा रहेको थियो । कांग्रेसको उक्त अडानमा एमालेले पनि सहमति जनाएपछि कोअपरेसन फेमवर्कको मस्यौदा गरिएको थियो । तर, चीनले उक्त फ्रेमवर्कको मस्यौदामा रहेको अनुदानको सट्टा सहायता हुनुपर्ने अडानमा रहेपछि नेपालपक्ष लचिलो भएको हो ।

बीआरआई परियोजना सञ्चालनमा भएको सहमतिले नेपालको आर्थिक विकासमा योगदान गर्न सक्ने विश्लेषण भइरहेको छ । चीनको उक्त परियोजना विश्वका १४९ वटा देशमा सञ्चालनमा रहेको छ । त्यसबाट सबैभन्दा बढी फाइदा अफ्रिका र ल्याटिन अमेरिकाले लिएका छन । बीआरआई परियोजना सञ्चालन गर्ने सन्दर्भमा प्रधानमन्त्री ओलीको भ्रमणका क्रममा फ्रेमवर्कमा भएको सहमति नेपालले फड्को मार्न सक्ने भएकोले सकरात्मक रहेको छ । बीआरआई परियोजना सञ्चालन गर्ने कुरामा निकै महत्वपूर्ण रहेको छ, तर त्यसको सञ्चालनमा नेपालले सक्षमता देखाउनुपर्छ । नत्र नेपालका लागि नै भूराजनीतिक जटिलता पैदा हुन्छ ।' दुई ठूला दलले कार्यदल बनाएर बीआरआई बारे साझा धारणा बनाएका थिए । फरकफरक राजनीतिक सिद्धान्त अपनाएका दलले साझा धारणा बनाएका कारण चीनले संभौतामा आउन सहमत भएको हुनुपर्छ । यो सहमति नेपाल राजनीतिक स्थिरता र समृद्धिको युगमा प्रवेश गरेको छ । चीन जस्ता विकसित मुलुकबाट लगानी र सहकार्य वृद्धि गरी समृद्धिको यात्रामा अगाडि बढाउनेछ । सन् २०२५ मा ठूलो संख्यामा चिनियाँ पर्यटक नेपाल ल्याउने तयारीले शुभ संकेत गर्दछ । 'नेपालमा प्रमुख दुई दलको सहकार्यमा बनेको वर्तमान सरकारले नेपाललाई आधुनिक र समृद्ध बनाउन हरसम्भव प्रयास गरेको छ ।

परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले प्रधानमन्त्री ओलीको भ्रमणले दुई देशको सम्बन्धलाई उचाइमा लैजान बल पुगेको भनाइले को बताएका हुन् । उनले नेपाल राजनीतिक स्थिरता र समृद्धिको युगमा प्रवेश गरेकाले अब चीन जस्ता विकसित मुलुकबाट लगानी र सहकार्य वृद्धि गरी समृद्धिको यात्रामा अगाडि बढिरहेको सन्दर्भमा सन् २०२५ मा ठूलो संख्यामा चिनियाँ पर्यटक नेपाल ल्याउने तयारी भएको जानकारी दिए । चीनका व्यवसायी तथा उद्यमीको छलफलबाट आफू उत्साहित भएको पनि उनले बताए । नेपालमा प्रमुख दुई दलको सहकार्यमा बनेको वर्तमान सरकारले नेपाललाई आधुनिक र समृद्ध बनाउन हरसम्भव प्रयास गर्छ,' उनले भने । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले प्रधानमन्त्री ओलीको भ्रमणले दुई देशको सम्बन्धलाई उचाइमा लैजान बल पुगेको भनाइले धेरै कुरा छर्लङ्ग पार्दछ । दुई देशको पारस्परिक विश्वास र समभ्रदारी वृद्धि गर्न भ्रमण सफल रहेको मान्नुपर्छ ।

# घार्मीमा परम्परागत भुमे पूजा

**पोखरापत्र संवाददाता**
पोखरा, २० मंसिर

पोखरा महानगरपालिका वडा नं. १९ मा बसोबास गर्ने ब्राम्हण समुदायले सामुहिक रुपमा परम्परागत भुमे पूजा सम्पन्न गरेका छन् ।

साविकको लामाचौर गा.वि.स वडा नं. ५, ६, ७, ८, र ९ मा रहेका करिब ५ सय घरधुरिका ब्राम्हण समुदायले घार्मीमा रहेको भुमेपुज्ने सामुदायिक वनमा पुगी त्यहाँ रहेको भुमी देवता स्थलमा विधिपूर्वक पुजा अर्चना गरेका थिए । परापुर्वकाल देखिनै वर्षको दुई पटक वाली लगाउने र भित्र्याउने समयमा भुमे देवताको विधी पुर्वक पुजा गर्ने प्रचलन रहेको छ । सहभागी भक्तजनले भुमी देवताको पुजा गर्दै बर्खे वाली सप्रिएकोमा खुशी हुँदै आगामी दिनमा पनि कुनै विम्बाधा नपरोस भन्दै अन्न तथा फलफुल चढाएको पुजा व्यवस्थापन समितिका बलराम पौडेलले बताउनुभयो । विहान चोखो नितो गरी आ आफ्ना थानमा रहेका अँगेर तथा भँगेरको पुजा गरिसकेपछि भक्तालुहरु भुमि पुजाको लागि जगंल क्षेत्रमा रहेको पुजा स्थलमा जाने गर्दछन् । जुठो, सुत्केरो परेकालाई भने पूजामा सहभागी नगराइने प्रचलन रहेको छ । पुजामा महिला भने सहभागी हुँदैनन् । भुमे पुजा गर्न स्थानिय रुपमै पुजा समिति गठन गरिएको र त्यसले पूजाका लागि तिथी जुराउने देखि व्यवस्थापन गर्ने गरेको पौडेलले जानकारी दिनुभयो । उक्त दिन खनजोत गर्न नहुने तथा पुजा गरेपछि मात्र खेतीपाती लगाउने परम्परा त्यस क्षेत्रमा अझै पनि रहेको छ । पुजा स्थल व्यवस्थित नहुदा पुजा गर्न जानेलाई समस्या पर्ने गरेको छ । खानेपानी तथा भवनको अभावमा पुजामा सहभागी वृद्ध तथा वालवालिकाले ठुलो समस्या भोग्नु परेको हो । पुजा स्थल व्यवस्थित गर्न पटक पटक प्रयास भएपनि त्यसले सार्थकता पाउन भने सकेको छैन । वडाले बजेट विनियोजन गरेपनि जग्गा मिलाउने विषयमा समस्या भएपछि भुमे मन्दिर र भवन निर्माण हुन नसकेको बताएको छ । भुमेपुज्ने तिखेढुङ्गा सामुदायिक जंगलको परिसरमा पुजास्थल रहेको छ ।

# अन्नपुर्णा चक्रिय वैकल्पिक पदमार्गमा पर्यटकको आकर्षण बढ्दै

**लक्ष्मीप्रसाद सापकोटा**
पर्वत, २० मंसिर

विश्वको दश उत्कृष्ट पदमार्गमा सूचिकृत अन्नपुर्ण चक्रिय पदमार्गमा सडक विस्तार भएपछि सञ्चालनमा आएको वैकल्पिक पदमार्गमा पर्यटकको आकर्षण बढ्दै गएको छ ।

कास्की जिल्लाको नयाँ पुलबाट पर्वतको मोदी गाउँपालिको ताड्ले-भमरकोट-डाँडाकमेरे-माटे-जलजला-मोहोरेडाँडा-घोडेपानी जोड्ने पदमार्ग सञ्चालनमा आएपछि पर्यटकको आगमन बढ्न थालेको हो । नयाँपुलबाट पर्वतको मोदी र जलजला गाउँपालिका हुँदै म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको प्रसिद्ध पर्यटकीयस्थल घोडेपानी जोड्ने नयाँ पदमार्ग तयार भएपछि पर्यटकको आगमन बढ्न थालेको स्थानीय पर्यटन व्यवसायी बताउँछन् । विशेषगरी युरोपियन, कोरियन, अस्ट्रेलियन, जर्मन तथा रसियन पर्यटकहरूले यो रुट प्रयोग गर्न थालेका छन्भने आन्तरिक पर्यटकको आगमन पनि बढेको होटल खड् का भिलेजका सञ्चालक रनबहादुर खड्काले जानकारी दिनुभयो । करिब १३ वर्षअघि पहिचान भएको नयाँपुल-मोहरिया-ताड्ले-भमरकोट-फलाटे-डाँडाकेटेरी-थामाको डिल-हम्पाल-जलजला-मोहरेडाँडा-फूलबारी-पुनहिल हुँदै घोडेपानी जोड्ने पदमार्ग सञ्चालनमा आएपछि पर्यटकको आकर्षण बढ्दै गएको पर्वत-भमरकोट-घोडेपानी पर्यटन क्षेत्र विकास समितिका अध्यक्ष मनबहादुर खड्काले बताउनुभयो । आधार भूतसंरचको पूर्वाधार तयार भएपछि उक्त वैकल्पिक पदमार्ग यस वर्षदेखि सञ्चालनमा आएको उहाँले जानकारी दिनुभयो । "पदमार्गमा आश्रयस्थल र खानेबस्ने ठाउँको व्यवस्थापन भएपछि पर्वत-भमरकोट-घोडेपानी पदमार्ग सञ्चालन गरिएको हो", समितिका अध्यक्ष खड्काले उहाँले "संस्कृति र प्रकृतिले भरिपूर्ण यो पदमार्ग साहसिक गन्तव्य हो ।" मनोरम हिमश्रृङ्खला, सुन्दर वनजङ गल, हावापानी, सुर्योदय र सुर्यास्तको दृश्यावलोकन गर्नुका साथै तनाव व्यवस्थापनका लागि यो पदमार्ग निकै आकर्षक मानिएको उहाँको भनाइ छ । विसं २०६८ मा स्थापना भएको संस्थामार्फत तत्कालीन जिल्ला विकास समिति, सङ्घीयतापछि गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारको गरी हालसम्म रु एक करोड ६० लाख सहयोगमा नयाँ पुलबाट पर्वतको सबैभन्दा उच्च स्थानमा रहेको हम्पालसम्मको १६ किलोमिटर पदमार्ग निर्माण भएको खड्काले जानकारी दिनुभयो । "ढुङ्गाको सिँढी चिनेर पदमार्ग निर्माण गरिएको हो । पदमार्गमा १० वटा विश्रामस्थल निर्माण भएका छन्", उहाँले भन्नुभयो । हम्पालबाट जलजला जोड्ने पदमार्ग निर्माणका लागि गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु ३० लाख बजेट विनियोजन गरेको गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले जानकारी दिनुभयो ।

उक्त पदमार्गलाई व्यवस्थित बनाउन आगामी बजेटमा पनि प्राथमिकता दिने उहाँले उल्लेख गर्नुभयो । पदमार्गले पर्वतको मोदी गाउँपालिका-१, २, ३ र ५, जलजला गाउँपालिका-५ र ६ तथा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६, ७ र ८ वडालाई समेटेको छ । हिमाल, पहाडी भूगोल अवलोकन गर्दै यात्रा गर्न सकिने यो पदमार्गमा पर्ने लौंसीबोट, भूक र ताड्ले तथा लेसपार्कमा घरबास (होमस्टे) सञ्चालन भएका छन् । साथै मगर, गुरुङ, दलित, क्षेत्री र ब्राह्मण समुदायको विविधतायुक्त संस्कार, संस्कृति, रहनसहन र जनजीवन यो पदमार्गको आकर्षण हो । दुई रात तीन दिनमा यात्रा गर्न सकिने यो पदमार्गमा पर्ने वनजङ्गलमा विभिन्न प्रजातिका जडीबुटी, वन पैदावर पाइनुका साथै मृगलगायत वन्यजन्तुको बसोबास छ । गाईभैँसीका घुम्ती गोठ पनि देख्न सकिन्छ भने धवलागिरि र अन्नपूर्ण रेञ्जका हिमाल अवलोकन गर्दै यात्रा गर्न पाइन्छ ।

पदमार्गमा पर्ने पर्वतको फलाटे, हम्पालस्थित वाइफाई डाँडा र जलजलामा चिया पसल र रेष्टुरेन्ट तथा सामुदायिक लज सञ्चालन भएका छन् । पूर्वजानकारी दिई आउने पर्यटकलाई पर्वत-भुमरकोट-घोडेपानी पर्यटन क्षेत्र विकास समितिले घुमाउने व्यवस्था मिलाउँदै आएको छ । पदमार्ग प्रवर्द्धनका लागि गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयको सहयोगमा ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकीले पदमार्ग विस्तार, खोज तथा अनुसन्धान गर्दै आएको छ । उक्त कार्यमा पर्वतको मोदी र जलजला, कास्की र म्याग्दीका सम्बन्धित गाउँपालिकाले सहकार्य गरेका छन् । प्रदेशका उद्योग तथा पर्यटनमन्त्री बस्यालले अन्नपूर्ण चक्रिय पदमार्गमा सडकका कारण पर्यटकको पदयात्रा छोटिँदै गएका बेला नयाँ पहिचान भएको पदमार्गलाई प्रवर्द्धन गरी यसतर्फ पर्यटकको आकर्षण बढाउनुपर्नेमा जोड दिनुभयो । पदमार्गमा ठाउँठाउँमा खानेपानीको व्यवस्थापन चिया तथा चेमना गृहहरु, होटल तथा रेष्टुरेण्ट थप गर्नुपर्ने भन्दै प्रदेश सरकारले आवश्यक सहयोग गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले अन्नपूर्ण चक्रीय पदमार्गको महत्वपूर्ण स्थल नयाँ पुल र घोडेपानीलाई जोड्ने उक्त पदमार्गमा पर्यटक भित्र्याउन चार दिने पदयात्रा आयोजना गरेरे प्रचारप्रसार, प्रवर्द्धन र विस्तारमा लागेको बताउनुभयो । उहाँका अनुसार आपसी समन्वयका लागि मन्त्रालय, टान गण्डकीसहित सरोकार भएका निकायसहित ५० जनाको टोली अहिले पदयात्रामा छन् । सडकका कारण पुराना पदमार्ग विस्थापित हुँदा पोखरामा आउने पर्यटकको बसाइ छोटिएकाले नयाँ गन्तव्यको पहिचान र प्रवर्द्धनमा टानले जोड दिएको अध्यक्ष आचार्यले बताउनुभयो । पोखराबाट नजिक पर्ने भएकाले पनि यो क्षेत्रमा पर्यटन विकासको सम्भावना प्रचुर रहेको उहाँको भनाइ छ । अध्यक्ष आचार्यका अनुसार प्रदेश सरकारले पर्वतको हम्पाल, घोडेपानी नजिकै कास्की र म्याग्दीको सिमानामा पर्ने मुण्डेलाई पोखराको स्याटेलाइट गन्तव्य घोषणा गरेको छ । सडकले छोटिएको अन्नपूर्ण चक्रीय पदमार्गमा सहायक गन्तव्य पहिचान गरेर पर्यटकको बसाइ लम्ब्याउन सरकार तथा निजी क्षेत्रले सक्रियता आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो ।

# एनपिएलमा पोखरा सात विकेटले पराजित

**रासस**
काठमाडौं, २० मंसिर

नेपाल प्रिमियर लिग (एनपिएल) मा जनकपुर बोल्ट्सले लगातार तेस्रो जित निकालेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा पोखरा एभेन्जर्सलाई सात विकेटले पराजित गर्दै जनकपुरले तेस्रो जित निकालेको हो ।

पोखरा एभेन्जर्सले जितका लागि दिएको एक सय ३९ रनको लक्ष्य जनकपुरले १७ दशमलव एक ओभरमा तीन विकेट गुमाउँदै पूरा गरेको हो । जनकपुरले यसअघि विराटनगर किङ्स र कर्णाली याक्सलाई पराजित गरेको थियो जनकपुरको जितमा लाहिरु मिलन्थाले सर्वाधिक ४५ रन बनाए । यस्तै, आशिष सेखले ३२, अनिल शाहले एक रन बनाउँदा अविजित रहँदै जम्स निशमले ४० र हर्ष ठाकरले १३ रन जोडे । बलिङतर्फ पोखराका कप्तान कुशल भुर्तेल, माइकल लिस्क र विपीन खत्रीले समान एक/एक विकेट लिए । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ३८ रन बनाएको थियो । पोखराका लागि मार्कस क्रिचले सर्वाधिक ३५ रन बनाए । माइकल लिस्कले २५, एन्ड्रिज गौसले २०, रेमन रेफरले १७ र दिलीप नाथले ११ रनको योगदान दिए । साथै दिनेश खरेलले १०, कप्तान कुशल भुर्तेलले ६ रन जोडे भने अविजित रहँदै नारायण जोशीले पाँच र विपिन खत्रीले एक रन बनाए । जनकपुरका लागि ललित राजवंशीले सर्वाधिक तीन विकेट लिए । त्यस्तै, जेम्स निशमले दुई, मोहम्मद मोहसिन र किशोर महतोले समान एक/एक विकेट लिए । जारी एनपिएलमा पोखरा एभेन्जर्सको यो दोस्रो हार हो । यसअघि पोखरालाई चितवनले ८७ रनको फराकिलो अन्तरले हराएको थियो । आज हुने दोस्रो खेलमा काठमाडौँ गुर्खाज र सुदूरपश्चिम रोयलसबीच हुँदैछ ।

# एक करोड बढीको लगानीमा बाखापालन

**पोखरापत्र संवाददाता**
पोखरा, २० मंसिर

केही वर्षअघिसम्म काठेखोला गाउँपालिका-५ कर्लिममा १८० घर थिए । बसाईंसराइका कारण यहाँका ३५ घरमा मात्रै बसोबास छ । अन्य घर खण्डहर बनेका छन् भने खेतीयोग्य खेतबारी बाँझै छ ।

यहाँका अधिकांश मानिस रोजगारीका लागि जापान गएका छन् भने बसाई सरेर चितवन पुगेका छन् । चौध वर्ष जापानमा काम गरेका एक युवक भने हाल गाउँमा बाखापालनमा व्यस्त छन् । काठेखोला-५ कर्लिमका ४८ वर्षीय प्रेम कँडेलले ठूलाघरे बाखा फार्म खोलेर तीन सय ५० पाल्नुभएको छ । उहाँले २०७९ साउनदेखि ८३ बाखाबाट राखेर बाखापालन सुरु गर्नुभएका हो ।

फार्ममा रु एक करोड ३५ लाख लगानी गर्नुभएको उहाँले त्यसका लागि एक हजार चार सय रोपनी बाँभो जग्गालाई प्रयोग गर्नुभएको छ । उहाँको बाखा फार्ममा ८० वटा बोका बिक्रीयोग्य छन् ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



**फलेवास नगरपालिका**

**नगर कार्यपालिकको कार्यालय**

**खानीगाउँ, पर्वत**

**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८१/०८/२१ गते**

यस कार्यालयबाट मिति २०८१/६/२२ गते प्रकाशित वोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका तपसिल बमोजिमको बोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | प्रभावग्राही देखिएका वोलपत्रदाताको नाम | कबोल अंक (मु.अ. कर सहित) |
|---|---|---|---|---|
| १ | PM/W/NCB/1/081-82 | Upgrading of Srikang-ShivaChowk-Pangrang Ward Karyalaya Road | Phalewas Nirman Sewa Phalewas -5, Parbat | 97,72,822.85 |
| २ | PM/W/NCB/2/081-82 | Upgrading of Lamayakhola-Limithana-Thanamaula Road | Saurya Kiran Construction Shivalaya-7, Parbat | 80,17,635.19 |

प्रमुख प्रशासकीय अधिकृत

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : वनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालय : महालक्ष्मी-४, ईमाडोल, ललितपुर
फोन नं.: ०१-५९१२७५२०११-६६२२७५
Website : www.swmfi.com.np


# कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋण/ कर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण/कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गर्नु भएकोले ऋण/कर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋण/कर्जाको सम्पूर्ण साँवा, व्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, व्याज, हर्जना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने छ। धितो सूरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कनूनी कारवाहिहरुको प्रक्रिया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमान/बाबुको नाम | बाजे/ससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्वर | जारी मिति | जारी स्थान |
| १ | बिरेन्द्रनगर ए | शर्मिला तामाङ्ग | सोम बहादुर तामाङ्ग | लाल बहादुर तमाङ्ग | चैनपुर ११, चितवन | खैरहनी ३, चितवन | ३५१०१५।२५१५ | २०७०।०२।२८ | चितवन |
| २ | बिरेन्द्रनगर ए | यशोदा थापा | प्रकाश थापा | पदमध्वज थापा | गजुरी १, धादिङ्ग | खैरहनी १, चितवन | २६।०१।७०।००३९७ | २०७०।१०।१३ | धादिङ्ग |
| ३ | बिरेन्द्रनगर ए | सुनिता कुमारी घिसिङ्ग | रुपेश नारायण सिंह | उदय नारायण सिंह | बिरगंज २, पर्सा | रत्ननगर १, चितवन | १६०३२८९५८ | २०५९।०४।०५ | पर्सा |
| ४ | बिरेन्द्रनगर ए | शोभा तामाङ्ग | शेर बहादुर तामाङ्ग | धन बहादुर | रत्ननगर १, चितवन | रत्ननगर १, चितवन | ३५८५०३।०६ | २०६०।०८।०४ | चितवन |
| ५ | बिरेन्द्रनगर ए | योगिना भटराई सापकोटा | गोकर्ण सापकोटो | तिलक बहादुर सापकोटा | रत्ननगर १, चितवन | रत्ननगर १, चितवन | ३५।०१।७०।००३३३ | २०७०।०९।१४ | चितवन |
| ६ | बिरेन्द्रनगर ए | रिवाना श्रेष्ठ तमाङ्ग | सुर्जन तमाङ्ग | कृष्ण बहादुर तमाङ्ग | रत्ननगर ३, चितवन | रत्ननगर ३, चितवन | ८४४।०६१ | २०६१।१२।०७ | चितवन |
| ७ | बिरेन्द्रनगर ए | बौद्धि माया गुरुङ्ग | कोइराला गुरुङ्ग | गम्वीर बहादुर गुरुङ्ग | चैनपुर ६, चितवन | खैरहनी ३, चितवन | ०३४४०६ | २०६३।११।३० | चितवन |
| ८ | बिरेन्द्रनगर ए | जमिला खातुन | ईनाम रहिम मिया | लुरे मिया | रत्ननगर १, चितवन | रत्ननगर १, चितवन | ०३४१२० | २०६३।१०।२८ | चितवन |
| ९ | बिरेन्द्रनगर ए | बुद्धि माया डिसुवा मगर | दिलिप मगर | खिम बहादुर मगर | खैरहनी ३, चितवन | खैरहनी ३, चितवन | ३५।०१।७४।१४०९५ | २०७४।११।२९ | चितवन |
